श्री सर्वोच्च अदालतमा दायर गरेको
निवेदन-पत्र

<u>विषय : नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम परमादेश</u>
<u>लगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ ।</u>

का.जि.का.म.न.पा.वडा नं.११ स्थित शिखर ल एशोसियटस् प्रा.लि.का प्रमुख दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं.१२ स्थायि वतन भई हाल जिल्ला भक्तपुर चाँगुनारायण नगरपालिका वडा नं.२ निवासी **अधिवक्ता अनिल आचार्य** (प्र.प.नं.१६३२६).....१,
दाङ जिल्ला तुलसीपुर उप महानगरपालिका वडा नं.४ स्थायि वतन भई हाल काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं.६ निवासी **अधिवक्ता मधुकर रिजाल** (प्र.प.नं.७३३३).....१,
ओखलढुगा जिल्ला सावि्क बलखु गा.वि.स. वडा नं.७ को परिवर्तित सुनकोशी गाउपालिका वडा नं.१ स्थायी वतन भई का.जि.का.म.न.पा.वडा नं.३२ स्थित कानून खबर प्रा.ली.का प्रधान सम्पादक **सुमन कुमार लुइटेल**.....१, *निवेदक*
रेवति मोहन गिरीको नाति मोहन गिरीको छोरा मोरङ जिल्ला सावि्क बिराटनगर उप महानगरपालिका वडा नं.४ को परिवर्तित वर्डा नं.३ स्थायि वतन भई का.जि.का.म.न.पा.वडा नं.३० स्थित बिड मिडिया प्रा.ली.का अध्यक्ष **बिकल गिरी**.....१ समेत जना ४ को वारेस भई आफ्नो हकमा समेत जिल्ला सिन्धुपाल्चोक जलबिरे गा.वि.स.वर्डा न.९ को परिवर्तित बलेफि गा.पा.वार्ड नं.१ निवासि वर्ष ४४ **का श्याम बहादुर ढकाल** (मो.नं.९८४९१८४७८१).....१

विरुद्ध

सम्माननिय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार.....१
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१ *प्रत्यार्थी*
शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं.....१
शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर.....१
नेपाली शेना, प्रधान कार्यालय, भद्रकाली, काठमाडौं.....१
सशस्त्र प्रहरी बल, नेपाल, मुख्य कार्यालय, हलचोक, काठमाडौं(फे.९८५१२७२००७)..१
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं(फो.०१-५७१९९००).....१
भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं.१, सल्लाघारीमा मुख्य कार्यालय रहेको सैनिक आवासीय महाविद्यालय (फो.नं.०१६६१०८७२/०१६६१००५१).....१
का.जि.का.म.न.पा.वडा नं.३, सामाखुशीमा मुख्य कार्यालय रहेको नेपाल पुलिस स्कुल (फो.०१-४३५६१६०).....१ *प्रत्यार्थी*
काठमाडौं जिल्ला किर्तिपुर नगरपालिका वडा नं.७, चम्पादेवी स्थित नेपाल एपिएफ स्कूल (मो.नं. ०१५२१३००३, ०१५२१३०८१).....१
काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.३, नारायणथान स्थित बुढानिलकण्ठ स्कुल (मो.नं.०१५९७१५२०).....१

मुद्दाः परमादेश ।

हामी निवेदकहरु निवेदन वापत लाग्ने दस्तुर साथै राखि नेपालको संविधानको धारा १७, १८, ३१, ४६, १३३(२)(३), शिक्षा ऐन, २०२८ को दफा १६(घ)(१ख), अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धि ऐन, २०७५ को दफा २०(१), शिक्षा नियमावली २०५९, को नियम ८४(१)(५), सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(क)(ख), ४०, ४१, ४२, ४९ अन्तर्गत प्रस्तुत रिट निवेदन लिई उपस्थित भएका छौं ।

(१)हामी निवेदकहरु आफ्नो राष्ट्र, राष्ट्रियता र संविधानवाद प्रति सचेत नेपालि नागरिक हुनुका साथै हामीले सार्वजनिक सरोकारका विषयहरुमा पटकपटक असाधारण क्षेत्राधिकार अन्तरगत रिट निवेदन दायर गर्दै आएको हुँदा यस निवेदनमा उठाउन खोजेको विषयमा पनि सार्वजनिक सरोकारको विषय नै भएको र हामीहरुको नानीबाबुहरु समेत स्कूलमा पठनपाठनको अवस्थामा रहेको हुँदा हामीहरुले गरेको आम्दानीबाट स्कूलको शुल्क तिर्न बाध्य भएको हुँदा हामीहरुको पनि प्रत्यक्ष सार्थक सरोकारको विषय भएकोले यो निवेदन लिई उपस्थित भएका छौं । नेपालको संविधान तथा मौजुदा कानूनमा समेत निःशुल्क शिक्षा लेखिएपनि विपक्षी नियमक निकायहरुले संविधान तथा कानूनको पालना नगरी मनपरी शुल्क असुल गरिरहेको र कानून कार्यान्वयनको लागि अन्य कुनै प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था रहेको छैन । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४०(ख) बमोजिम प्रस्तुत विषयमा यस अघि सम्मानित अदालतमा कुनै उपचार समेत खोजेका छैनौ ।

(२)हामी निवेदकहरु सामाजिक न्याय, अन्तराष्ट्रिय कानून तथा नागरिकको अधिकार अन्तर्गत नेपाल सरकारले पुरा गर्नु पर्ने दायित्व प्रति राज्यको ध्यान आकृष्ट गराउनुका साथै संबिधान प्रदत्त नेपालि नागरिकका मौलिक हकहरु निशर्त कार्यान्वयन गर्नको लागि राज्यलाई झकझकाउदै आएको छौं । जनता प्रति उत्तरदायि सरकारले गर्ने हरेक कार्यहरु जनताको भावनालाई समेटने प्रकृतिको हुन आवस्यक हुन्छ । तर, सरकारले संबिधान, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धि ऐन, २०७५ मा ब्यवस्था गरिएको निशुल्क शिक्षा सम्वन्धि कानूनी ब्यवस्था कार्यान्वयन नगरेकोहुदा त्यस बारेमा बिपक्षीहरुसंग फोनमार्फत पटक पटक जानकारी माग गरेकोमा सूचना उपलब्ध नगराए पश्चात हुलाक मार्फत लिखित रुपमा सूचना माग गरेकोमा त्यसको जवाफ समेत पठाउन नमानि हामी निवेदकहरुलाई सूचनाको हकबाट समेत बन्चित गरेकोले बाध्य भई प्रस्तुत निवेदन लिई आएका छौं ।

(३)नेपालको संविधानले शिक्षा नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको संवैधानिक अधिकार हो । राज्यले उक्त अधिकार कार्यान्वयन गर्न पर्याप्त बजेट, पूर्वाधार, शिक्षक र वित्तीय संरचना निर्माण गर्नु उसको संवैधानिक दायित्व हो । तर, राज्यले आवश्यक आर्थिक स्रोतको व्यवस्था नगरेको कारण सामुदायिक विद्यालयहरूले अभिभावकसँग सहयोगको नाममा रकम संकलन गर्नुपर्ने र निजी विद्यालयहरूले विद्यार्थीबाट शुल्क लिएर मात्र सञ्चालन हुनुपर्ने अवस्था सिर्जना भएको छ । यस्तो अवस्थाको समाधान निजी विद्यालय बन्द गर्नु, निजी लगानीलाई असुरक्षित बनाउनु वा अभिभावकलाई आर्थिक भार थप्नु होइन । राज्यले सार्वजनिक र निजी शैक्षिक संस्थालाई समन्वय गरी प्रतिविद्यार्थी अनुदान, सार्वजनिक वित्तपोषण, शैक्षिक सेवा सम्झौता तथा लगानी सुरक्षाको व्यवस्था गर्नुपर्छ । नेदरल्यान्ड्स, स्विडेन तथा चिलीका अभ्यासले सार्वजनिक वित्तपोषण र निजी व्यवस्थापनलाई निश्चित कानूनी सर्तमा एकीकृत गर्न सकिने देखाएका छन । त्यसैले नेपाल सरकारले संविधानको धारा ३१ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक, कानूनी र संस्थागत व्यवस्था गर्न सम्मानित अदालतबाट परमादेश जारी हुन आवस्यक रहेको छ ।

(४)निशुल्क बिद्यालय शिक्षा नेपालको शिक्षा प्रणालीको अत्यन्त महत्वपूर्ण संवैधानिक, कानूनी, आर्थिक र नीतिगत ब्यवस्था हो । यसलाई केवल सामुदायिक विद्यालयमा शुल्क लिन पाइन्छ कि पाइँदैन ? अथवा संस्थागत विद्यालयले शुल्क लिन पाउँछन कि पाउँदैन ? कति लिन पाउछ भन्ने साँघुरो विषयका रूपमा मात्र नभई राज्यको निःशुल्क शिक्षासम्बन्धी संवैधानिक दायित्व, निजी क्षेत्रको सम्पत्तिसम्बन्धी अधिकार, शिक्षामा समान पहुँच र शिक्षाको वित्तीय व्यवस्थापनको समग्र प्रश्नका रूपमा सम्बोधन हुन आवस्यक रहेको छ । यस विषयले निम्न चारवटा मूल सिद्धान्त स्थापित गर्ने प्रयास गर्नुपर्छ । (१) राज्यले संविधानद्धारा प्रत्याभूत

गरेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको अधिकार व्यवहारमा कसरी सुनिश्चित गर्न सकिन्छ ? (२) सरकारले आफ्नो संवैधानिक दायित्व पूरा नगरेको कारण देखाएर सामुदायिक विद्यालयले अभिभावकसँग अनिवार्य वा अप्रत्यक्ष शुल्क लिन पाउने अवस्थाको अन्त्य कसरी गर्न सकिन्छ ? (३) निजी लगानीमा सञ्चालित विद्यालयको लगानी, सम्पत्ति, सञ्चालन खर्च र उचित प्रतिफलको सुरक्षा गर्दै त्यसलाई राष्ट्रिय शिक्षा प्रणालीको साझेदार कसरी बनाउन सकिन्छ ? (४) निःशुल्क शिक्षाको सम्पूर्ण आर्थिक भार अभिभावक वा निजी विद्यालयमाथि थोपर्नुको सट्टा राज्य, विद्यालय सञ्चालक र सार्वजनिक वित्तीय संयन्त्रबीच न्यायोचित जिम्मेवारी बाँडफाँड कसरी गर्न सकिन्छ ? भन्ने विषयको दिर्घकालिन समाधान नखोजेर बिद्यालय शिक्षालाई ब्यवस्थित रुपमा संचालन गर्न सकिने अवस्था नभएको हुदा बिपक्षीहरुसंग निशुल्क शिक्षा सम्वन्धि कानूनी ब्यवस्था कार्यान्वयन भए नभएको बारेमा फोनमार्फत पटक पटक जानकारी माग गरेकोमा सूचना उपलब्ध नगराए पश्चात हुलाक मार्फत लिखित रुपमा सूचना माग गर्दा समेत त्यसको जवाफ पठाउन नमानि हामी निवेदकहरुलाई सूचनाको हकबाट समेत बन्चित गरेकोले बाध्य भई प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएका छौं ।

(५)नेपालको संविधानको धारा ३१ निःशुल्क शिक्षासम्बन्धी व्यवस्थाको मुख्य संवैधानिक आधार हो । उपधारा (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । उपधारा (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । उपधारा (३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । उपधारा (४) दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । उपधारा (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने शिक्षासम्बन्धी संवैधानिक हकको ब्यवस्था गरेको छ । संविधानको धारा ३१ बाट राज्यको लागि दुईवटा महत्वपूर्ण संवैधानिक दायित्व उत्पन्न हुन्छन । पहिलो: आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क बनाउनु राज्यको दायित्व । दोस्रो: माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउनु पनि राज्यको दायित्व । यहाँ एउटा महत्वपूर्ण कानूनी प्रश्न छ : संविधानको धारा ३१(२) ले निःशुल्क शिक्षाको अधिकार प्रत्याभूत गरेपछि राज्यले उक्त अधिकार कार्यान्वयन गर्ने पर्याप्त वित्तीय र संस्थागत व्यवस्था गरेको छ कि छैन ? निशुल्क शिक्षा प्रदान गर्नको लागि राज्यले विद्यालय स्थापना गर्नु मात्र पर्याप्त हुँदैन । विद्यार्थीले वास्तवमै शुल्क नतिरी शिक्षा प्राप्त गर्न सक्ने अवस्था हुनुपर्छ । यसमा भर्ना शुल्क, मासिक शिक्षण शुल्क, परीक्षा शुल्क, अनिवार्य शैक्षिक सामग्री, अनिवार्य गतिविधि शुल्क तथा अन्य नाममा उठाइने रकमको संवैधानिक परीक्षण गर्नुपर्ने

हुन्छ । नेपालमा संविधानको धारा ३१ कार्यान्वयन गर्न बनेको प्रमुख कानून हो, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ । यस ऐनको प्रस्तावनाले प्रत्येक व्यक्तिको शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने मुख्य उद्देश्य लिएको भएतापनि व्यवहारिक रुपमा बिपक्षी सरकार आफैले संचालन गरेको होस वा सरकारका बिभिन्न निकायहरुले संचालन गरेका सामुदायिक (सरकारी) स्कुलहरुमा महगो शुल्क लिएर बिद्यालय संचालनको गरेको बिद्यमान अवस्था रहेकोमा बिपक्षीहरुसंग निशुल्क शिक्षा सम्वन्धि कानूनी ब्यवस्था कार्यान्वयन भए नभएको बारेमा फोनमार्फत पटक पटक जानकारी माग गरेकोमा सूचना उपलब्ध नगराए पश्चात हुलाक मार्फत लिखित रुपमा सूचना माग गर्दा समेत त्यसको जवाफ पठाउन नमानि हामी निवेदकहरुलाई सूचनाको हकबाट समेत बन्चित गरेकोले बाध्य भई प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएका छौं ।

(६)सरकारले निःशुल्क शिक्षा घोषणा गरेको छ भने सामुदायिक विद्यालयले अभिभावकबाट नियमित रूपमा अनिवार्य रकम उठाएर मात्र विद्यालय सञ्चालन गर्नुपर्ने अवस्था किन आएको छ ? अभिभावकको स्वेच्छिक सहयोग र विद्यालय सञ्चालनका लागि अनिवार्य रूपमा मागिने रकम एउटै कुरा होइनन । उदाहरणका लागिः भर्ना सहयोग रकम, मासिक सहयोग रकम, परीक्षा सहयोग रकम, विद्यालय व्यवस्थापन सहयोग रकम, भवन निर्माण सहयोग रकम, कम्प्युटर तथा प्रयोगशाला सहयोग रकम, शिक्षक तलब सहयोग रकम वास्तवमै स्वेच्छिक हुन कि विद्यार्थीलाई विद्यालयमा अध्ययन गर्न अनिवार्य सर्तका रूपमा लगाइएका हुन भन्ने कुरा अनुसन्धान गर्न आवस्यक देखिन्छ । सामुदायिक विद्यालयले स्वेच्छिक दान स्वीकार गर्न सक्छ, तर दान नदिएको कारण विद्यार्थीलाई भर्ना, पठनपाठन, परीक्षा वा अन्य शैक्षिक सेवाबाट वञ्चित गर्न संविधानत मिल्दैन ।

(७)संस्थागत विद्यालयले शुल्क लिन पाउने व्यवस्था रहेको तथ्यलाई स्वीकार गरेर नै बिद्यालय शिक्षा सुधारको प्रस्ताव गर्नुपर्छ । शिक्षा नियमावली, २०५९ को नियम १४६ र १४७ मा शुल्कसम्बन्धी व्यवस्था छ । नियम १५१ मा छात्रवृत्तिसम्बन्धी व्यवस्था पनि छ । उपलब्ध नियमावलीको पाठमा संस्थागत विद्यालयले कम्तीमा १० प्रतिशत विद्यार्थीलाई तोकिएका समूह अन्तर्गत छात्रवृत्ति दिनुपर्ने व्यवस्था उल्लेख छ । तर, निजि लगानिमा संचालित संस्थागत बिद्यालयहरुमा छात्रवृत्तिको व्यवस्था हुनु र संविधानले प्रत्याभूत गरेको सबै नागरिकको निःशुल्क माध्यमिक शिक्षाको अधिकार सुनिश्चित हुनु एउटै विषय होइन । संस्थागत बिद्यालयले दिने १० प्रतिशत छात्रवृत्तिले धारा ३१ को दायित्व पूरा गर्छ त ? अनि बाँकी विद्यार्थीको हकमा निःशुल्क शिक्षाको संवैधानिक प्रत्याभूति कसरी लागू हुन्छ ? सरकारले निजी विद्यालयलाई सार्वजनिक शिक्षाको साझेदार बनाएर निःशुल्क विद्यार्थी अध्ययन गराउने वित्तीय संयन्त्र बनाउन सक्छ कि सक्दैन ? विद्यालयको उचित सञ्चालन

खर्च तथा लगानीको प्रतिफल सुनिश्चित गर्ने गरी राज्यले प्रतिविद्यार्थी अनुदान दिन सक्छ कि सक्दैन ? यस्ता बिबिध प्रश्नहरु अनुत्तरित रहेकोले बिपक्षीहरुसंग निशुल्क शिक्षा सम्वन्धि कानूनी ब्यवस्था कार्यान्वयन भए नभएको बारेमा फोनमार्फत पटक पटक जानकारी माग गरेकोमा सो सम्वन्धि सूचना उपलब्ध नगराए पश्चात हुलाक मार्फत लिखित रुपमा सूचना माग गर्दा समेत त्यसको जवाफ पठाउन नमानि हामी निवेदकहरुलाई सूचनाको हकबाट समेत बन्चित गरेकोले बाध्य भई प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएका छौं ।

(८)विपक्षीहरुले नेपालको संबिधान, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धि ऐन, २०७५ मा ब्यवस्था गरिएको निशुल्क शिक्षा सम्वन्धि कानूनी ब्यवस्था कार्यान्वयन नगरेको हुँदा संवैधानिक एवम् कानूनी आधारमा विपक्षीहरुबाट नेपालको संविधानको धारा १३३ (२)(३) विपरित व्यवस्थालाई नजर अन्दाज गरी निःशुल्क शिक्षाको व्यवस्थालाई वेवास्ता गरेको सरकार आफैले शुल्क लिई बिद्यालय संचालन गर्नको लागि गरेका बिभिन्न पत्राचारहरु गरेको भए उक्त पत्राचारहरु समेत बदर गरी परमादेश लगायतको जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाऊँ भनी निम्नबमोजिम सादर निवेदन गर्दछौ-

(८.१) नेपालको संबिधानको धारा ३१(२) मा राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक ब्यवस्था रहेको पाइन्छ । शिक्षा प्राप्त गर्ने प्रत्यक ब्यक्तिको आधारभूत मानव अधिकार एव संविधान प्रदत्त शिक्षाको मौलिक हकलाई ब्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वब्यापि, जीवनोपयोगी, प्रतिष्पर्धी एवं गुणस्तरिय बनाउनको लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धमा कानूनी ब्यवस्था गर्न वान्छनिय भएकोले संघिय संसदले अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ बनाई कार्यान्वयनमा रहेको छ । ऐनको परिभाषा खण्डमा बिद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शिर्षकमा कुनै पनि शुल्क अशूल नगरी दिईने शिक्षालाई निःशुल्क शिक्षा सम्झनु पर्छ भनि परिभाषित गरिएको पाइन्छ । ऐ. दफा २०(१) प्रत्येक नागरिकलाई राज्यबाट माध्यामिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकार रहेको पाइन्छ । शिक्षा ऐन, २०२८ को दफा १६घ(१ख) मा सवै बालबालिका लाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकारले आवश्यक स्रोतको

व्यवस्था गर्नेछ भन्ने कानूनी व्यवस्था भएतापनि नेपालमा हालसम्म बिद्यालय शिक्षामा संविधान तथा प्रचलित कानून बमोजिम निःशुल्क शिक्षा पूर्ण रुपमा लागू हुन सकेको पाइदैन । निजि लगानीमा संचालित संस्थागत विद्यालय, शुल्क लिने उद्देश्यद्धारा सरकारले संचालन गरेका विद्यालय तथा शुल्क लिई संचालनमा रहेका समुदायमा आधारित विद्यालयहरुले संबिधान र कानून बिपरित बिद्यार्थी अभिभावकहरुसंग शुल्क लिएर पठनपाठन गराई रहेको हुँदा निजि लगानीमा संचालित संस्थागत बिद्यालयहरुलाई समेत कुनै किसिमको ब्यवसायिक क्षति नहुने मोडेलमा शैक्षिक सत्र, २०८४ देखि निशुल्क विद्यालय शिक्षाको संवैधानिक तथा कानूनी ब्यवस्था कार्यान्वयन गरिपाउन प्रस्तुत निवेदन लिई उपस्थित भएका छौं ।

(८.२) विधायीकाले नेपाली जनताको मतका आधारमा संवैधानिक तथा कानूनी रुपमा निःशुल्क शिक्षाको ब्यवस्था गरेको छ भने अर्कोतिर आफैले शुल्क लिने उद्देश्यले विद्यालय संचालन गरी बिद्यार्थी अभिभावकहरुसंग शुल्क असुली भइरहेको पनि पाइन्छ । विपक्षी सरकारले देशैभरी सैनिक कल्याणकारी कोषद्धारा संचालित आवासीय महाविद्यालयहरु संचालनमा ल्याएको छ । ***जसमा सैनिक आवासीय महाविद्यालय, भक्तपुर (केन्द्रीय महाविद्यालय), सैनिक आवासीय महाविद्यालय, पोखरा, सैनिक आवासीय महाविद्यालय, धरान, सैनिक आवासीय महाविद्यालय, सुर्खेत, सैनिक आवासीय महाविद्यालय, कैलाली, सैनिक आवासीय महाविद्यालय, चितवन, सैनिक आवासीय महाविद्यालय, बर्दिवास, सैनिक आवासीय महाविद्यालय, बुटवल, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, काठमाडौँ, रिपूमर्दिनी सैनिक महाविद्यालय, काठमाडौँ र श्वेततारा पूर्व-प्राथमिक सैनिक विद्यालय, छाउनी रहेका छन्*** । त्यस्तै, ***नेपाल प्रहरि कल्याणकारी कोषबाट संचालित स्कुलहरुमा नेपाल पुलिस स्कुल, साँगा (काभ्रे), नेपाल पुलिस स्कुल, सामाखुसी (काठमाडौँ), नेपाल पुलिस स्कुल, धरान (सुनसरी), नेपाल पुलिस स्कुल, गरुढा (रौतहट), नेपाल पुलिस स्कुल, भरतपुर (चितवन), नेपाल पुलिस स्कुल, बेलचौतारा (तनहुँ), नेपाल पुलिस स्कुल, घोराही (दाङ), नेपाल पुलिस स्कुल, छिन्चु (सुर्खेत) र नेपाल पुलिस स्कुल, धनगढी (कैलाली) रहेका छन् ।*** त्यस्तै नेपाल सशस्त्र प्रहरि बल कल्याणकारि कोषद्धारा समेत ३ वटा स्कूल संचालनमा रहेको पाइन्छ । जसमा ***नेपाल एपिएफ स्कूल चोभार काठमाडौँ, नेपाल एपिएफ स्कूल, कोहल्पुर, बाँके र नेपाल एपिएफ स्कूल शम्भुनाथ नगरपालिका, सप्तरि रहेका छन् । शिक्षा मन्त्रालयका सहसचिव प्रमुख रहनेगरी संचालित बुढानिलकण्ठ स्कुल, काठमाडौँमा पनि बिद्यार्थीहरु संग महगो शुल्क लिएर सरकार आफैले सरकारी श्रोतसाधन प्रयोग गरी निजि बिद्यालय संचालन गरेको छ । सरकारद्धारा संचालित अधिकासं सामुदायिक बिद्यालयमा समेत***

बिभिन्न शिर्षकमा शुल्क लिने गरिएको छ भने सबै नमुना बिद्यालयहरुमा बाध्यात्मक अवस्थाले महगो शुल्क लियर मात्र बिद्यालय संचालन हुदै आएका छन । त्यस्तै भारतीय स्कूलहरुमा समेत रहेको हुँदा नेपालको भौगोलिक क्षेत्रमा संचालित स्कूलहरुमा अध्ययन गर्ने नेपाली विद्यलायहरुको हकमा समेत संविधान र कानून लागू हुने हुन्छ । यी मध्ये राज्यबाट अनुदान समेत लिएर संचालन भएको भन्ने जानकारी समेत भएको र नेपाली आमाका बहादुर जवानहरुले गरेको योगदानमा स्थापना भएको कल्याणकारि कोषहरु तथा अभिभावकहरुसंग समेत महगो शुल्क लिएर संविधान बिपरित नेपाल सरकारले निजि स्कुल चलाईरहेको देखिन्छ। त्यसैगरी, शिक्षा ऐन तथा नियमावली बमोजिम सम्वन्धित निकायबाट अनुमति तथा स्वीकृति लिई सरकारको मापदण्ड भित्र रहेर संचालनमा रहेका संस्थागत बिद्यालयहरुको मुख्य श्रोत भनेको बिद्यार्थी अभिभावकसंग लिईने शुल्क रहेकोले मुनाफा कमाउने उद्देश्यले खोलिएका संस्थागत बिद्यालयहरुलाई समेत कुनै किसिमको ब्यवसायिक क्षति नहुने मोडेलमा शैक्षिक शत्र, २०८४ देखि निःशुल्क विद्यालय शिक्षाको संवैधानिक तथा कानूनी ब्यवस्था कार्यान्वयन गरिपाउँ भनि सम्मानित अदालतको शरणमा आएका छौं ।

(८.३) शिक्षा ऐन, २०२८ को दफा २(ङ) मा बिद्यालय भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ भनि परिभाषित गरिएको छ । बिद्यालय शिक्षा सम्बन्धि मौजुदा कानूनले परिभाषित गरे बमोजिम सामुदायिक र संस्थागत दुवै बिद्यालयलाई बिद्यालयको समान हैसियत प्रदान समेत गरेको छ। देशको संवैधानिक तथा कानूनी ब्यवस्था बमोजिम सामुदायिक र संस्थागत दुवै बिद्यालय मार्फत नागरिकले निःशुल्क शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिक (अभिभावक) को नैसर्गिक अधिकार भएको हुँदा सोहि अनुसार हाम्रा नानीबाबुहरुले समेत उक्त संवैधानिक तथा कानूनी सुविधा पाउनु पर्छ भन्ने हाम्रो माग हो । ऐ. ऐनको दफा १६घ(२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिईने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ भनि संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ बमोजिम १४ वटा शिर्षकमा संस्थागत बिद्यालयको शुल्क निर्धारण गरेको पाइन्छ । सोही निर्देशिकाको आधारमा बिद्यालयहरुले तोकिएको शिर्षकहरुमा शुल्क लिई पठनपाठन गराउदै आएकोमा आगामी शैक्षिक शत्र, २०८४ देखि निःशुल्क बिद्यालय शिक्षाको संवैधानिक तथा कानूनी ब्यवस्था कार्यान्वयन गरिपाउन सादर अनुरोध छ ।

(८.४) संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम बिद्यालय जाने उमेर समुहका सम्पूर्ण बिद्यार्थीहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्नको लागि सामुदायिक बिद्यालयमा पर्याप्त मात्रामा भौतिक संरचना तथा दक्ष शिक्षक कर्मचारीको अभाव एकातिर रहेको छ भने अर्को तिर चर्को शुल्क लिने, पाठ्यपुस्तक बेच्ने, ड्रेस बेच्ने लगायतका काम पनि संस्थागत स्कूलहरुमा भइरहेको छ । जसका कारणा हामी निवेदक (अभिभावक समेत रहेको) मर्कामा परेका छौं । निजि लगानीमा संचालित संस्थागत विद्यालयहरुलाई समेत कानून बमोजिमको स्वीकृति अनुमति दिएर विपक्षी सरकारले संवैधानिक तथा कानूनी व्यवस्था विपरित चर्को शुल्क असूल गर्न उत्प्रेरित गरेको कुरा लुक्न सक्दैन । एकातिर निजि क्षेत्रको लगानिमा संचालित संस्थागत बिद्यालयहरुले कुल बिद्यार्थीहरु मध्य ३४ प्रतिशत बिद्यार्थीहरुसंग शुल्क लिएर पठनपाठन गराउदै आएका छन भने अर्को तिर सरकारद्धारा आफै शुल्क लिएर संचालन गरिएका विद्यालयहरुले समेत अभिभावक तथा विद्यार्थीहरुबाट शुल्क लिई पठनपाठन गराउदै आएकोमा आगामी शैक्षिक शत्र, २०८४ देखि निःशुल्क बिद्यालय शिक्षाको संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयन गर्नको लागि सम्मानित अदालतको शरणमा आएका छौं ।

(८.५) लोकतान्त्रिक राज्य प्रणालीमा संविधान र कानुनले निर्दिष्ट गरेको निःशुल्क शिक्षा कार्यान्वयन गर्दा सरकार र नागरिक दुवैलाई ठूलो चुनौति भएपनि विधायीकाले संविधान र कानूनमा लेखेको व्यवस्था अक्षरशः पालना हुनु पर्दछ । संसारका बिभिन्न देशहरुले यस्तो व्यवस्थाको अवलम्बन गर्दा बिद्यार्थी भौचर प्रणालि निःशुल्क शिक्षा लागु गर्ने एउटा उपयुक्त माध्यमको रुपमा लिन सकिन्छ । जसमा संघ, प्रदेश, पालिका, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संघ संस्थाहरुको लगानी समेतलाई जोड्दा राज्यको प्रति बिदार्थीमा हुने लगानीको आधारमा बिद्यार्थीलाई भौचर प्रदान गर्ने र उक्त भौचरको आधारमा बिद्यार्थीले पढ्न चाहेको बिद्यालयमा पढ्न सक्ने सहज वातावरणमा निःशुल्क शिक्षा कार्यान्वयन गर्न सकिने हुन्छ । तर विपक्षी सरकारले एकातर्फ संविधान र कानूनमा रहेको व्यवस्थालाई नजरअन्दाज गरी सामुदायिक (सरकारी) बिद्यालयहरुलाई खुला रुपमा शुल्क असूल गर्न दिएको छ भने अर्को तर्फ संवैधानिक तथा कानूनी व्यवस्थाको अबलम्बन गरिरहेको छैन ।

(८.६) नेपालको संविधानमा बिद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको छ । संविधानको धारा ५७ को राज्यशक्तिको बाँडफाडको अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै

अनुसूची-८ मा रहेको स्थानीय तहको एकल अधिकार सूचीको बुदा नं.८ मा आधारभुत र माध्यामिक शिक्षाको संबैधानिक अधिकार स्थानीय तहको अधिकारको रुपमा राखिएको पाइन्छ । बिद्यालय शिक्षा सम्वन्धि ब्यवस्था संविधानमा स्थानीय सरकारको अधिकार अन्तर्गत राखेकोमा उक्त संवैधानिक व्यवस्था कार्यानवयनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ मौजुदा ऐनमा रहेको र ऐ. ऐनको दफा ११(१) मा गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिम हुने । उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकारको ब्यवस्था समेत गरेको पाइन्छ । ऐ. दफा ११(२)(ज) मा स्थानीय तहले जिम्मा पाएको आधारभुत र माध्यामिक शिक्षा सम्वन्धि ब्यवस्था समेत गरिएको हुँदा स्थानीय सरकारलाई शिक्षाको अधिकार रहेकोमा स्थानिय तहले आफ्नो अधिकार पूर्णरुपमा प्रयोग गर्न नसक्नु र संघ सरकारले उदासिनता देखाउने कार्यले गर्दा निशुल्क शिक्षाको संवैधानिक कार्यान्वयन हुन सकेको छैन । यसरी संविधानको बर्खिलाप हुनेगरी महगो शुल्क लिएर सरकार आफैले बिद्यालय संचालन नगर्नु भनि बिपक्षीहरुको नाममा परमादेश जारी गरी पाउँ ।

(९) अत: माथि उल्लिखित आधार कारण एवं मिसिल संलग्न प्रमाण कागजको आधारमा नेपालको संविधान तथा कानूनले नेपाली नागरिकलाई नि:शुल्क शिक्षा प्रदान गर्ने भनि संवैधानिक तथा कानूनी ब्यवस्था गरेको, संविधान बनेको एक दशक पुग्दासम्म नि:शुल्क शिक्षाको मौलिक हकमा मात्र सिमित रहेको, शिक्षा ऐन नियममा विद्यालय शिक्षाको शैक्षिक क्यालेन्डर निर्धारण एवम् पाठ्यक्रम विकास भएको तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को कानूनी ब्यवस्था बमोजिम बिद्यालय शिक्षाको सम्पूर्ण अधिकार स्थानीय सरकारको एकल अधिकार सूचीमा रहेकोमा विपक्षीहरुले आफूखुशी स्थानीय सरकारसंग कुनैपनि समन्वय तथा संचार समेत नगरी नि:शुल्क हुनु पर्ने शिक्षा जस्तो संवेदनशिल विषयमा सरकारका बिभिन्न निकायहरुले मनोमानी रुपमा शुल्क लिन छुट दिएको हुँदा शुल्क लिई काम गर्नु भन्ने विपक्षीहरुको निर्णय वा सोका आधारमा भएका जुनसुकै पत्राचारहरु समेत समेत उत्प्रेषणको आदेशले बदर गरी मौजुदा संवैधानिक व्यवस्था तथा कानूनमा व्यवस्था भए बमोजिम बिद्यालय शिक्षा निशुल्क रुपमा संचालन गर्ने व्यवस्था गर्नु तथा संविधान तथा कानूनमा रहेको नि:शुल्क शिक्षाको संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयन गर्नको लागि बिपक्षीहरुको नाममा परमादेश लगायतका अन्य उपयुक्त आज्ञा आदेश जारी गरिपाउ भनि सम्मानित अदालतको शरणमा आएका छौं ।

(१०) मागदावी

(क) **निःशुल्क शिक्षा कार्यान्वयन गर्न परमादेश जारी गरिपाउँ ।**

नेपालको संविधानको धारा ३१, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ को दफा २०(१), शिक्षा ऐन, २०२८ को दफा १६(घ)(१ख), शिक्षा नियमावली २०५९, को नियम ८४(१)(५) बमोजिम प्रत्येक नागरिकको निःशुल्क शिक्षासम्बन्धी हक प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक नीति, बजेट, संस्थागत संरचना, अनुगमन तथा समयबद्ध कार्ययोजना निर्माण र कार्यान्वयन गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ ।

(ख) **छुट्टै उत्प्रेषणको रिट निवेदन दायर गर्ने सम्बन्धमा ।**

यदी सरकारद्धारा बिपक्षी मध्यका बुढानिलकण्ठ स्कुल, नेपाली शेना, जनपथ प्रहरी, सशस्त्र प्रहरीद्धारा संचालित स्कुलहरु तथा सरकारद्धारा संचालित अन्य सामुदायिक स्कुलहरुले समेत संविधान र कानून बिपरित निःशुल्क शिक्षासम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाको बर्खिलाप हुनेगरी कानूनविपरीत शुल्क असुलीलाई अनुमति दिने भनी प्रमाणित हुने कुनै विशिष्ट निर्णय, पत्राचार, आदेश वा प्रशासनिक कार्य भएको पाईएमा त्यसको विवरण तथा कानूनी आधार परीक्षण गरी गैह्रकानूनी देखिएमा त्यस उपर छुट्टै उत्प्रेषणको रिट निवेदन दायर गर्ने ब्यहोरा जानकारी गराउदछौं ।

(ग) **संस्थागत (निजि) विद्यालयमा अध्ययनगर्ने विद्यार्थीको हकसम्बन्धी स्पष्ट व्यवस्था गर्न आदेश जारी गरिपाउँ ।**

संस्थागत (निजि) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निःशुल्क शिक्षासम्बन्धी संवैधानिक हक कार्यान्वयन गर्न प्रचलित कानूनको समग्र व्याख्या गरी कुन अवस्थामा राज्यले प्रत्यक्ष सेवा उपलब्ध गराउने, कुन अवस्थामा सार्वजनिक वित्तीय सहायता प्रदान गर्न सक्ने र कुन अवस्थामा विद्यालयले शुल्क लिन पाउने भन्ने विषय स्पष्ट हुने कानूनी तथा नीतिगत व्यवस्था निर्माण गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ ।

(घ) **निजी लगानीमा संचालित स्कुलहरुको लगानि संरक्षण गर्न आदेश जारी गरिपाउँ ।**

सरकारले निःशुल्क शिक्षा कार्यान्वयन गर्ने नाममा निजी लगानीमा सञ्चालित संस्थागत विद्यालयको वैध सम्पत्ति, पूर्वाधार, ऋण दायित्व, शिक्षक तथा कर्मचारीको रोजगारी र शैक्षिक सेवाको निरन्तरतालाई ध्यानमा राखी कानूनबमोजिमको वित्तीय, प्रशासनिक तथा संक्रमणकालीन व्यवस्था निर्माण गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ ।

(ङ) **सार्वजनिक-निजी सहकार्यको कानूनी मोडेल निर्माण गर्न आदेश जारी गरिपाउ ।**
सार्वजनिक हित, विद्यार्थीको छनोट, गुणस्तरीय शिक्षा तथा निजी क्षेत्रको वैध लगानीबीच सन्तुलन कायम गर्न आवश्यक कानून वा मापदण्डको अधीनमा रही विद्यार्थी भौचर, प्रति विद्यार्थी अनुदान, छात्रवृत्ति, सार्वजनिक शैक्षिक सेवा खरिद वा अन्य उपयुक्त सार्वजनिक-निजी सहकार्यका विकल्पको अध्ययन गरी कार्यान्वयनयोग्य मोडेल तयार गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ ।

(च) **वित्तीय प्रभाव मूल्याङ्कन तथा बजेट व्यवस्था गर्न आदेश जारी गरिपाउ ।**
निःशुल्क विद्यालय शिक्षा कार्यान्वयनका लागि आवश्यक कुल लागत, विद्यार्थी संख्या, विद्यालयको क्षमता, प्रति विद्यार्थी लागत, शिक्षक तथा कर्मचारीको सेवा सुविधा खर्च, पूर्वाधार खर्च र उपलब्ध सार्वजनिक स्रोतको अध्ययन गरी आवश्यक बजेट तथा बहुवर्षीय वित्तीय योजना तयार गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ ।

(छ) **संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न आदेश जारी गरिपाउ ।**
संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा अन्य प्रचलित कानून अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार तथा जिम्मेवारी स्पष्ट गरी शिक्षा क्षेत्रको बजेट, अनुदान, छात्रवृत्ति, शुल्क नियमन, गुणस्तर तथा अनुगमन सम्बन्धी समन्वित कार्यविधि लागू गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ ।

(ज) **छात्रवृत्ति तथा समावेशी पहुँच सुनिश्चित गर्न आदेश जारी गरिपाउँ ।**
आर्थिक रूपमा विपन्न, शारीरिक रुपमा अपाङ्गता भएका, भौगोलिक रुपमा दुर्गम क्षेत्रका तथा सामाजिक रुपमा शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका बालबालिकालाई प्राथमिकताका साथ निःशुल्क शिक्षा तथा आवश्यक शैक्षिक सहायता उपलब्ध गराउने प्रभावकारी व्यवस्था लागू गर्न परमादेश जारी गरिपाउँ ।

(झ) **शुल्कको पारदर्शिता तथा अनुगमन सुनिश्चित गर्न आदेश जारी गरिपाउ ।**
विद्यालयले कानूनबमोजिम लिन पाउने शुल्कको शीर्षक, स्वीकृत दर, छात्रवृत्ति, सार्वजनिक अनुदान तथा अन्य वित्तीय विवरण पारदर्शी बनाउन र कानूनविपरीत शुल्क असुली रोक्न प्रभावकारी निरीक्षण, लेखापरीक्षण तथा गुनासो सुनुवाइ प्रणाली स्थापना गर्न आदेश जारी गरिपाउँ ।

(ञ) **तथ्याङ्क तथा कार्ययोजना अदालतसमक्ष पेस गर्न आदेश जारी गरिपाऊँ ।**
विपक्षीहरूबाट देशभरका सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थी संख्या, विद्यालयगत शुल्क संरचना, छात्रवृत्ति, उपलब्ध सार्वजनिक बजेट, आवश्यक वित्तीय

स्रोत र निःशुल्क शिक्षा कार्यान्वयन सम्बन्धी विद्यमान कार्ययोजनाको विवरण प्रमाणित रूपमा अदालतसमक्ष पेस गराउन आदेश जारी गरिपाउँ ।

(ट) **चरणबद्ध कार्यान्वयनको समयतालिका निर्धारण गर्न आदेश जारी गरिपाउँ ।**
शैक्षिक सत्र, २०८३ देखि तत्काल सम्भव हुने सुधार प्रारम्भ गरी आवश्यक कानून, वित्तीय स्रोत तथा संस्थागत क्षमता सुनिश्चित गर्दै निःशुल्क विद्यालय शिक्षा पूर्ण रूपमा कार्यान्वयन गर्ने यथार्थपरक, मापनयोग्य र समयबद्ध कार्ययोजना निर्माण गर्न आदेश जारी गरिपाउँ ।

(ठ) **अग्राधिकार प्रदान गरिपाउँ ।**
बालबालिकाको शिक्षा, मौलिक हकको कार्यान्वयन, सार्वजनिक वित्तीय दायित्व तथा देशको समग्र विद्यालय शिक्षा प्रणालीसँग प्रत्यक्ष सम्बन्धित विषय भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम प्रस्तुत रिट निवेदनलाई अग्राधिकार प्रदान गरी सुनुवाइ गरिपाऊँ ।

(ड) **अन्य उपयुक्त आदेश जारी गरिपाउँ ।**
सामाजिक न्याय, संवैधानिक सर्वोच्चता, सार्वजनिक हित, बालबालिकाको सर्वोत्तम हित तथा निजी लगानीको कानूनसम्मत संरक्षण गरी निशुल्क बिद्यालय शिक्षा कार्यान्वयनका लागि सम्मानित अदालतबाट आवश्यक देखिएका अन्य उपयुक्त आज्ञा, आदेश वा निर्देशनसमेत जारी गरिपाउँ ।

(ढ) **अन्तरिम आदेश जारी गरिपाउ ।**
नयाँ शैक्षिक सत्र २०८४ बैशाख देखि सुरु हुनको लागि केही महिना मात्र बाँकी रहेको तर मुद्दाको अन्तिम किनारा लाग्नको लागि लामो समय लाग्ने भएकोले प्रस्तुत विवादको अन्तिम न्याय निरूपण नहुँदा सम्म विद्यार्थीहरुको मौलिक हक, विद्यमान कानूनी शुल्क व्यवस्था, निजी विद्यालयको वैध सञ्चालन सम्वन्धि संवैधानिक तथा कानूनी ब्यवस्था कार्यान्वयन गर्नु गराउनु भनि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीको नाममा सुविधा सन्तुलनको रोहमा अन्तरिम आदेश समेत जारी गरिपाउँ ।

(११) यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी हेरी पाउँ ।

(१२) सर्बोच्च अदालत नियमावली, २०७४ बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

(१३) हामी निवेदक कानून व्यवसायी तथा हाम्रो तर्फवाट उपस्थित भई कानून ब्यवसायिले गर्ने बहस पैरवि र पेश गर्ने आवस्यक कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानी पाउँ ।

(१४) सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम समानान्तर अधिकार क्षेत्र प्रयोग गरी उपचार माग गरेको छैन ।

(१५) प्रमाण:

(क) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ५ थान ।

(ख) निवेदक कानून ब्यवसायीको प्रमाण पत्रको प्रतिलिपि २ थान ।

(१६) माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
जना ४ को वारेस भई आफ्नो
हकमा समेत श्याम बहादुर ढकाल

इति सम्वत २०८३ साल मंसिर महिना.....गते रोज.....शुभम् .....।